समता नीति-पत्र ९
२०७३

दलितः थर गोत्र भ्रम र यथार्थ

॥समता फाउण्डेशन॥
SAMATA foundation

© समता नीति-पत्र ९
२०७३

लेखन
विश्वभक्त दुलाल 'आहुति'

सम्पादन
पदम सुन्दास
अर्जुन विश्वकर्मा

सहयोगी
राजन परियार
प्रकाश नेपाली
गोपाल नेपाली
टेकेन्द्र विश्वकर्मा

॥ समता फाउण्डेशन ॥
SAMATA foundation
सानेपा, ललितपुर, नेपाल
फोन : ०१-५५२०८५१
E-mail: info@samatafoundation.org
www.samatafoundation.org

यस नीति-पत्रको प्रकाशनको लागि नेसनल इन्डोमेन्ट फर डेमोक्रेसी (NED) र ओपेन सोसाइटी फाउण्डेशन (OSF) ले आर्थिक सहयोग गरेको छ । यस नीति-पत्रमा व्यक्त बिचार, विश्लेषण र निष्कर्षमा आर्थिक सहयोग दिने संस्थाको सहमति अनिवार्य छैन ।

प्रकाशकीय

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक तथा प्राकृतिक सुन्दरताले भरिएको देश हो । करिब पौने तीन करोड जनसंख्या भएको यो सानो देशमा १२५ भन्दा बढी जातजातीको बसोवास रहेको छ र १०२ भन्दा बढी भाषा बोलिन्छ । सयौं वर्षदेखि सत्तासुख भोगिरहेका एकथरी शासक वर्गले यस देशलाई चार वर्ण छत्तिस जातको फूलबारी भन्छन् र नेपाली समाजको सामाजिक सदभावको प्रशंसा गरेर थाक्दैनन् । चार वर्ण छत्तिस जातको सुन्दर फूलबारीमा कति जातले फुल्न पाएका छन् र कति जातका फूलहरू ओइलाएर जातकै कारणले सुकेका छन् या झरेका छन् अब त्यसको लेखाजोखा सुरू भएको छ । वास्तवमा नेपाली सिङ्गो समाज कट्टर जात व्यवस्थामा टिकेको छ र यहाँ रहेका १२५ जातजाती सबै एक आपसमा को ठूलो को सानो जात भन्ने रूढतामा विभाजित छन् । बिभाजनको यस रेखामा को सानो को ठूलो, को शुद्ध को अशुद्ध, को छुत को अछूत, कसको पानी चल्ने कसको नचल्ने यावत चिन्तन परिपाटीले सिङ्गो समाज भित्रभित्रै क्षतविक्षत छ तर यसमा रमाउनेहरू यसलाई सिङ्गो, एकताबद्ध सह–अस्तित्वमा रहेको सामाजिक सद्भावलेयुक्त सुन्दर समाज देखिरहेछन् र यस विभक्तीलाई कुनै न कुनै रूपमा बचाइ राख्न चाहन्छन् । तर सचेत दलित समुदायबाट अब यसको कारकतत्वको खोजी भैरहेको छ । जात व्यवस्थाले सबै भन्दा पींधमा पारिएका दलित समुदायमाथि हुने भेदभाव, अन्याय, अत्याचारको फेहरिस्त अवर्णनीय छन् । नेपालमा रहेका सरकारी तथ्याङ्क अनुसार १३.२ प्रतिशत तर दलित समुदायले आंकलन गरेको २० प्रतिशत दलित जनता सामाजिक सदभावको नयाँ परिभाषा खोजिरहेछन् र जात व्यवस्थाले सिर्जना गरेको तहगत संरचनालाई भत्काउन चाहन्छन् । किनभने भेदभावको स्पष्ट रूप दलित समुदायको परिचयसँग जोडिएको छ जसको अपमानबोध दलित समुदायले नजानिदो रूपमा जीवन पर्यन्त सहनु परेको छ, भोग्न बाध्य छन् । यही जात व्यवस्थाले एकथरी उच्च जात हुँ भन्नेलाई आफू पूर्वजन्मको पूण्यकर्मले सर्वश्रेष्ठ हुँ भन्ने अहम्ताको कारण स्वार्थी बनाइ

दिएको र त्यही स्वार्थ बचाउन नेपाली जनतालाई नाम विशेषले नै उसको ठूलो र सानो जात चिन्न सकियोस् भनेर त्यस्तै सामाजिक र प्रशासनिक प्रपञ्च कायम गरिदिएका छन् ।

- व्यक्तिको भौतिक शरीर हेरेर कुन जातको हो भन्न गाह्रो पर्दछ– त्यसैले गाउँघरतिर र शहरबजारका पनि पाका मान्छेले परिचयको सुरूवात नामबाट होइन 'कसमा हुनु भयो ?' के थरी हुनु भयो भनेर गरिने प्रचलन अझै छ । व्यक्तिको प्रधानता नाममा होइन जातमा कायम गरिएको छ ।
- नेपालीहरूको नाम पछाडि विशेषण जस्तै प्रसाद, बहादुर, बीर, कुमार, नारायण–कुमारी, माया, देवी र त्यसपछि थर या जात लेख्ने प्रचलन छ । तथाकथित उच्चजातले मात्र प्रसाद लेख्दछन्, दलितले पाउँदैनन् र अन्यले बहादुर बीर आदि । सकभर दलित समुदायलाई बीचको बिशेषण नराख्ने र नामलाई पनि हेलाहोचो हुने गरी 'ए' कार लगाएर नामाकरण गरिन्थ्यो । जस्तो कालीबहादुर दमाईलाई काले दमाई, चन्द्रबहादुर कामीलाई चन्द्रे कामी– त्यसरी नै दलित महिलालाई पनि सुन्तली कमिनी, कान्छी दमिनी... आदि । स्थलगत नागरिकता वितरण गरिंदा सरकारी कर्मचारी र स्थानीय सामन्त ठालुबाट यस्ता विठ्याइ थुप्रै भएका छन् । त्यसबखत दलितहरूलाई थरमा आफ्नो परिचय लिनबाट वञ्चित गरिएको छ । यसका साथै सरकारी कर्मचारीको हेलचेक्र्याइँ र अपहेलनाले नाम मात्र होइन ढाँट, चोर, बिटुलो, भाँडजस्ता अपमानजनक जात र थरमा नागरिकता बनाइ दिएका छन् । असक्त अनपढ र प्रतिकार गर्न नसक्ने दलितहरू चुपचाप त्यस्तो परिचय बोकेर बस्न बाध्य भएका छन् । यस्ता व्यवहारले दलित समुदायमा यतिविघ्न हिनताबोध जन्माइ दियो कि सकभर उसले आफूलाई आफ्नो नामपछि जात या थरबाट परिचय दिनु नपरोस् भनी चिनापरिचय प्रसंग आउदा तर्केर भाग्ने प्रयत्न गर्न बाध्य हुन्छन् । तिनका सन्तती आज ती अपमानजनक बनावटी थर जात बदल्न दिनहूँ प्रशासन धाइराख्न बाध्य छन् ।
- कतिपय जिल्लामा दलितका नाम पछाडि भगवानको नाम 'राम' जोडिदिने चलन छ– जस्तो गोपाल राम, चण्डीराम, प्रतापराम, ... सिताराम । मधेसतिर पनि गंगाराम, रक्षाराम आदि । राम विशेषणबाट उ दलित हो भनेर सजिलै चिनिनका लागि प्रचलनमा ल्याइएको हो ।

- दलितहरूको आफ्नो ऐतिहासिक थातथलो या वंशसँग जोडिएका मौलिक थर (जो गैरदलितका पनि हुन्छन्) हुन्छन् भन्ने यथार्थता परिचय प्रमाण दिन राज्यसंयन्त्रमा बस्ने हाकिमलाई ज्ञान नहुँदा धेरै जसो दलित समुदायले (खासगरी पहाडे खस–आर्य दलितले) आफ्नो मौलिक थरमा नागरिकता नपाए पछि आफू पनि सार्वभौम नेपाली हुँ भन्ने जिकिर गरी नाम पछाडि 'नेपाली' लेखेर प्रमाणपत्र लिन बाध्य भएका छन् । विडम्बना आज 'नेपाली' परिचय दलित पर्यायी भएको छ र दलितभित्रको कुन जात हो भनेर प्रश्न गरिन थालिएको छ । यो जात प्रथा बचाइ राख्ने राज्ययन्त्रले गरेको अर्को विभेदले सिर्जना गरेको समस्या हो । 'नेपाली' थर दलितको पर्यायी भएको कारण पहिले पहिले केही प्रगतिशिल राष्ट्रप्रेमी गैरदलित व्यक्तिले राखेको 'नेपाली' उपनाम छोडेर आजकाल आफ्नो मौलिक जात र थर लेख्न थालेको देखिन्छ ।

  अनभिज्ञताले हिनताबोध सिर्जना गर्दछ र हिनताबोधले पलायन हुन अभिप्रेरित गर्दछ । जातीय उचनीचमा आधारित सामन्ती राज्यव्यवस्थाले यी दुबै अस्त्र सयौं वर्षदेखि कसरी प्रयोग गरी रहेका छन् त्यसप्रति हामी दलित समुदाय सचेत भै समयानुकूल आफूलाई परिवर्तन गराउन जरूरी छ ।

- राज्यपक्षले र समाजले गरेको अपमानले आजित भएर हिनताबोधवस आफ्नो ऐतिहासिक थरप्रति मोहभंग भएको छ र मौलिकतलाई छोडेर नयाँ थर पनि सिर्जना गरेका छौं । मुसलमान समुदायमा सिलाईको काम गर्ने व्यक्तिलाई "दर्जी" भनिन्छ । हाम्रा बिष्टवराजुहरूबाट हामीले 'दमाई' भनेको भन्दा 'दर्जी' भनेको कर्णप्रिय र आदरार्थी ठान्यौं – अहिले 'दर्जी' दमाई जातको पर्यायी थर हुन पुग्यो । यसरी नै अंग्रेजीमा सिलाई काम गर्नेलाई 'टेलर' (Tailor) भनिन्छ । अझ आदरभावले टेलर माष्टर भनिँदा केही ले आफ्नो थर टेलर अनि माष्टर बनाएका छन् । यसरी पनि आफ्ना मौलिक थर बिस्थापित भएको छ ।

- 'सिवा' बाट सेवा, सेवान र सिवाकोटी (सिवाकोटी दलितको अलग मौलिक थर पनि हो) समयानुकूल व्यक्तिको रूची अनुसार अपभ्रंश बनायौं । रणपहेलीबाट रणपाल, रणपौली यस्तै उदाहरण हुन् । पौराणिक धार्मिकग्रन्थ औजार र निर्माणका देवता विश्वकर्मा कामी, सुनार, लोहार सबैको पर्याय बन्यो ।

- दलित समुदायमा नेपाल सरकार राष्ट्रिय दलित आयोगबाट पहाडीमूलका ७ र मधेशी मूलका १९ गरी २६ जात सूचीकृत छन् । जनजाती नेवार समुदायभित्रका १९१० को मुलुकी ऐनमा पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने र छोइछिटो हाल्न पर्ने केही जातले दलित सूचीबाट हटाउन चाहेका तर नेवारभित्रकै पोडे र च्यामेका सन्दर्भमा सो समुदायभित्र दलित भनिने कि नभन्ने भन्ने कुरामा एकमत नभएका र दलित सूचीभित्र रहन चाहने समूहको माग अनुसार नेवारभित्र दलित भनेर अलग्गै सूचीकृत नगरी सो जातहरू पहाडीमूलका दलित समूहभित्र सूचीकृत गर्ने राष्ट्रिय दलित आयोगको प्रमाणको आधारमा (अनुसूची ३) यहाँ नेवार दलित भनी उल्लेख गरिएको छ । त्यस्तै मधेसी दलितभित्र रहन चाहने विवादमा भएको निर्णय पनि अनूसुची ३ मा नै उल्लेख गरिएको छ ।

- जात व्यवस्थाले सिर्जना गरेको दलित समस्या यति बिकराल छ कि यसबाट उन्मुक्ति पाउन लामो सङ्घर्ष, धैर्यता, सुजबुझ र त्यागको खाँचो छ, यसको क्षणिक आवेगमा कहिले हामी उत्पीडित मात्र कहिले पौरखी र आजकल शिल्पी नामबाट उन्मुक्ती खोजी रहेछौं । दलितपनाबाट मुक्ति भेदभावजन्य स्थितिबाट मुक्ति हुनु हो– शब्दबाट या नाम फेरिंदा मुक्ति हुने होइन भन्ने कुरा हामीले गरेको अनुभवबाट सिद्ध भैसकेको छ । हाम्रो समस्या पहिचान, पहुँच र प्रतिनिधित्वसँग गाँसिएका छन् । हाम्रो आफ्नो मौलिक पहिचान छन् । हाम्रो आन्दोलनको अन्तिम गन्तव्य आफ्नो मूलधारसँग अन्तरघुलन हो । हाम्रो आन्दोलन तथाकथित ठूलो जात हुन खोज्ने होइन तर विना भेदभाव विना छलकपट, विना आग्रह सबै नेपाली नागरिक समान र सम्मानित हुनुसँग जोडिएको छ । दलित समुदायले नेपाली समाज चलायमान र जीवन्त राख्न आफ्नोतर्फबाट पुऱ्याएको योगदानले हामीलाई हिनताबोध मान्नु पर्ने कुनै कारण छैन । हाम्रो परिश्रम, पसिना र धैर्यताप्रति गौरव गर्ने र समयानुकूल आफूलाई उभ्याउने सहि समय आएको छ । हाम्रो पहिचान– हाम्रो थर गोत्रप्रति धेरैलाई खासगरी प्रशाासनमा बस्ने व्यक्तिलाई ठूलो भ्रम छ– स्वयम दलित समुदाय पनि यस कुरामा सचेत छैनौं– त्यसैले यस भ्रमलाई थोरै भए पनि चिर्न सकिन्छ भनेर समता फाउण्डेशनबाट यो नीतिपत्र प्रकाशित गर्ने जमर्को गरेका छौ । थरका आधारमा भएका विभेदविरूद्ध दलित समुदायले २००३ सालदेखि कुनै न कुनै रूपमा आवाज उठाइ रहेका

हुन् । दलित समुदायको तत्कालीन एकमात्र साझा सङ्गठन नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजले आफ्नो मागमध्ये दलित समुदायले आफ्नो मौलिक थरमा नागरिकता पाउनुपर्छ भनी २०५१ साल पुस १९ गते तत्कालीन प्रधानमन्त्री समक्ष राखेको मागलाई २०५२/४/४ को मन्त्री परिषद्को निर्णय अनुसार तत्कालीन गृहमन्त्रीको निर्देशनमा २०५२/४/२१ मा पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई दलित समुदायलाई थरका आधारमा नागरिकता दिन र अपमानबोध हुने हिसाबले पहिले दिएका नागरिकता समेत माग अनुसार सच्चाइ दिनु भन्ने परिपत्रको मिति २०६८/०९/२८ मा पुनः ताकेता भएको (अनुसूची १ हेर्नुहोला) तथा गृहमन्त्रालयको २०५२/०४/२१ परिपत्रमा टेकेर दलित गैरसरकारी संस्था महासङ्घको तर्फबाट दायर भएको सम्बत् २०६१ सालको रिट नं. ३०२१ मा सर्वोच्च अदालतबाट मिति २०६३/०२/०१ मा भएको परमादेशलाई गृहमन्त्रालयबाट सबै जिल्ला प्रशासन कार्यालयलाई मिति २०६३/०७/१४ मा परिपत्र गरिएको (अनुसूची २) हुँदा हुँदै पनि निराकरण नहुँदा र त्यसबारे पटक पटक पुनः परिपत्र एवम पैरवी हुँदासमेत यो समस्या अझै ज्यूँकात्यूँ छ । देशमा शान्ति, सुशासन र सामाजिक सदभाव चाहनेहरूले नेपालमा विद्यमान जातीय समस्यालाई नयाँ ढङ्गबाट समाधान गर्न ढिला गर्न हुँदैन– बिष्फोटन हुनबाट बचाउन पर्दछ ।

- राजनीतिज्ञ, समाज विश्लेषक आदरणीय विश्वभक्त दुलाल 'आहुति' बाट तयार भएको 'दलित समुदायको थर गोत्रबारे भ्रम र यथार्थ' नामक नीतिपत्र प्रकाशित गर्न पाउदा समता फाउण्डेशन र यसको अध्यक्षको हैसियतले म आफूलाई गौरवान्वित ठान्दछु । दलित समुदाय अन्तरगत जात र तिनीहरूको थरबारे राष्ट्रिय दलित आयोगबाट प्राप्त सूचीका अतिरिक्त अन्य सङ्घ, संस्था र व्यक्तिबाट सङ्कलित प्रकाशित सन्दर्भका आधारमा यो सूची तयार गरिएको छ । सूचीमा केही थर छुट्न गएमा पाठकहरूको सुझाव र तथ्यका आधारमा पूनः सच्चाइने व्यहोरा अनुरोध गर्दछु । नीतिपत्र तयार गर्न सहयोग गर्ने मेनेजिङ डाइरेक्टर उज्ज्वल सुन्दास, प्रोजेक्ट कोअर्डिनेटर राम चर्मकार र प्रविण तिवारीलाई धन्यवाद ।

पदम सुन्दास
अध्यक्ष
समता फाउण्डेशन

विषय सूची

१	दलित समुदायको थर गोत्रबारे भ्रम र यथार्थ	९
२.	गोत्र के हो ?	११
३.	जात के हो ?	१४
४.	थर के हो ?	१५
५.	नेपालका दलितको थर	१७
६.	दलितहरूले जात वा थर ढाँटे भन्ने प्रसङ्ग	१८
७	निष्कर्षः थरको आधारमा जाति वा जातको चिनारी सम्भव छैन !	२०
	दलित जातीय अनुसूची र थर	२२
	दलित जात र थर अनुसूची	२४
	अनुसूची - १	३६
	अनुसूची - २	३७
	अनुसूची - ३	३८

१

दलित समुदायको थर गोत्रबारे भ्रम र यथार्थ

नेपाली समाजमा गोत्र र थर जस्ता विषयमा अझै पनि काफी हदसम्म भ्रम र अन्यौल रहेको छ । यसो हुनुको पछाडि मूलतः दुई वटा कारणले मुख्य भूमिका खेलेको देखिन्छ । एक, नेपाली समाज एउटै सभ्यता र परम्पराको समाज होइन बरू नेपाली समाज विश्वमा पाँच हजार वर्षभन्दा अघिदेखि विकसित भई आजसम्म आइपुगेका पाँच वटा महासभ्यताको महासङ्गम भएको समाज हो ।

क) उत्तरको ह्वाङ्हो र याङ्सी नदीको मैदानमा विकसित भई तिब्बत हुँदै नेपाल प्रवेश गरेको मङ्गोल सभ्यता ।

ख) युरोपबाट मध्य एशियाको ककेसिया हुँदै मस्टोपुजक संस्कृतिसहित पश्चिम नेपाल आइपुगेको खस सभ्यता ।

ग) युरोपबाट इरान हुँदै सिन्धुघाँटी प्रवेश गरी गङ्गा मैदानमा पुगेर वेदको रचना गरी नेपाल आइपुगेको वैदिक आर्य सभ्यता ।

घ) मोहेनजोदारो र हडप्पा जस्ता भव्य सभ्यता निर्माण गरेका द्रविड र आस्ट्रिक जातिको सभ्यतामाथि आर्यहरूको हमलापछि पराजित भएर एवं पटक पटक लड्दै नेपाल आइपुगेको द्रविड र आस्ट्रिक सभ्यता । यी चारै वटा पाँच हजार वर्षभन्दा अघिदेखि विकसित महासभ्यता हुन् ।

ङ) चौध सय वर्षअघि अरबबाट थालनी भई नेपाल आइपुगेको इस्लाम सभ्यता । यो पछिल्लो हो तर यो एउटा महासभ्यता नै हो ।

यी फरक फरक पाँच महासभ्यतासँग सम्वन्धित दर्जनौ जाति र समुदाय रहेको समाज हो नेपाली समाज । उनीहरूका आ–आफ्नै वंश परम्परा, आ–आफ्नै पुर्खा सम्बन्धी मान्यता एवं विश्वास र आ–आफ्नै जीवन दृष्टिकोणहरू छन् । ती विषयहरू एक आपसमा फरक छन् । एउटा जाति वा समुदायका गोत्र, थर, वंशावली वा पुर्खा सम्बन्धी दृष्टिकोणबारे अर्को जाति वा समुदायलाई ज्ञान हुँदैन वा अत्यन्तै कम ज्ञान हुन्छ । गोत्र, थर, वंश परम्परा जस्ता विषयमा एक समुदायले अर्को समुदायसँग अन्तरक्रिया नगरी नहुने स्थिति जनजीवनमा अत्यन्त कम अवस्थामा मात्र आउने भएकोले पनि त्यस्तो अर्को समुदायको बारेमा अनभिज्ञता रहन मद्दत पुऱ्याउँछ । अझ यसो भन्दा झनै सही होला कि नेपाली समाजमा चल्दै आएको समग्र अर्थ-राजनैतिक ढाँचाका कारणले नै नेपाली समाजमा गोत्र, थर आदि बारे भ्रमहरू रहिरहेका छन् । राजा पृथ्वीनारायण शाहद्वारा गोरखा राज्यको विस्तार गरी आजको नेपालमा हिन्दू उच्च जातीय पहाडिया आर्य-खस अहङ्कारवादमा आधारित राज्य सत्ता सञ्चालन गर्न सुरू गरी पञ्चायतकालसम्म आउँदा जसरी शिक्षा, संस्कृति, कानुन, राजनीति र अर्थतन्त्रमा एक छत्र पहाडिया हिन्दू उच्च जातीय दृष्टिकोण र मूल्य मान्यता लादियो, त्यसबाट यस्तो भ्रम जन्मिन पुग्यो कि पहाडिया हिन्दू उच्च जातको मात्रै व्यवस्थित गोत्र हुन्छ, उनीहरूको मात्रै सम्मानित थर हुन्छ, उनीहरूको मात्रै सम्मानित वंश परम्परा हुन्छ आदि आदि ।

यसप्रकारको राज्यको बलात् हस्तक्षेपकारी नीतिका कारण हिन्दू उच्च जातबाहेकका‍को त्यस्ता विषयमा जानकारी लिन अरूलाई वास्तै नहुने, रूचि नै नजाग्ने, उनीहरूका थर गोत्र सुन्दा पनि असभ्य मान्छेको कमसल परिचय जस्तो भान हुने स्थिति बन्न पुग्यो । राज्यको त्यसप्रकारको नीति अघि बढ्दै जाँदा उत्पीडितहरूलाई थर लेख्न नदिने, थर नै फेरेर लेख्न बाध्य पार्ने आदि काम हुँदै आए । यसको सबै भन्दा बढी मार दलितमाथि पऱ्यो जसको कारण कतिपय स्थानका दलित परिवारले आफ्नो वास्तविक थर गोत्र नै बिर्सिसक्ने स्थितिसम्म पुगेको देखिन्छ । त्यसैगरी हिन्दू उच्च जातबाहेकका जनजाति, दलित, मुस्लिम समुदायकाले पनि आफ्नो गोत्र, थर, वंश परम्परालाई गर्वका साथ भन्न मन नलाग्ने, हिनतावोध हुने वा कम्तीमा आफैभित्र मात्र चुपचाप अभ्यास गरिरहने दुर्भाग्यपूर्ण परिघटना घट्दै आयो ।

२.

गोत्र के हो ?

प्रसिद्ध समाजशास्त्री लुइस मोर्गनले आफ्नो 'आदिम समाज' नामक पुस्तकमा कविला युगमा सामुहिक परिवारमा बस्ने निश्चित एउटै हजुरआमाका सन्तानलाई एउटा गोत्रभित्रका मानिसहरूका रूपमा उल्लेख गरेका छन् (मोर्गन सन् १९६४) । अर्थात गोत्र भन्नाले एउटै हजुरआमाका सन्ततिहरूको मानव झुण्ड हो । त्यतिबेला बाबुको पहिचान आवश्यक नभइसकेकोले हजुरआमाका सन्तानलाई मानिएको हो, किनकि आमा मात्र निश्चित पहिचान हुने अवस्था थियो । त्यसपछिका सबै जसो समाजशास्त्रीले पनि मानव समाजमा देखापरेको सुरूको गोत्र प्रणालीलाई एउटै हजुरआमाका रक्त नाताका सन्ततिको झुण्ड थिए भन्ने कुरालाई स्वीकार गरेका छन् ।

यसप्रकार मानव समाजमा सुरूमा गोत्र भन्नाले एउटै पुर्ख्यौली रक्तखलकका मानिसको झुण्ड थियो । तर मानव समाज सात हजार वर्षभन्दा बढी लामो यात्रा गर्ने क्रममा सयौं जाति, हजारौं उपजातिमा विभक्त र विकसित भैसकेको छ । त्यसैले गोत्रको त्यो शैशवकालीन अवस्था, परिभाषा र बुझाइ आज जस्ताको जस्तै रहेको छैन । अर्को कुरा, मातृप्रधान समाज भत्केर पितृसत्तात्मक युगको पनि आज करिव सात हजार वर्ष बितिसकेको स्थितिमा आजका मानवशास्त्रीहरूले भने झैं कुनै पनि जातिमा रक्तशुद्धता भन्ने बाँकी छैन, कतै न कतै छ्यासमिस भैसकेको छ । त्यसैले गोत्र वा थरहरूबारे छलफल अब रक्तशुद्धता वा वंशीय श्रेष्ठताका निम्ति गरिनु हास्यास्पद विषय हुन पुग्दछ, जस्तो कि अझै कतिपयले त्यस्तो गर्ने प्रयत्न गर्दछन् (रूपाखेती २०६८:४) ।

आजको विश्वग्रामको युगमा र प्रेम विवाह हावी हुँदै गएको समयमा गोत्र र थरको विषय एउटा सामान्य पारिवारिक वा व्यक्ति परिचयको अर्थमा मात्र कार्यकारी

हुन थालेको छ । गोत्र वा थर बढीमा मागी विवाहमा अर्थपूर्ण अझै छ र सारमा विवाह गर्दा नजिकको वंशमा खप्टिन नपुगोस् भन्नाका लागि मात्र उपयोग भइरहेको छ । भविष्यमा थरहरू केवल परिवार र व्यक्ति परिचयमा मात्र सीमित हुने स्थिति आजबाट हेर्दा स्पष्ट देख्न सकिन्छ । यसर्थ, आज गोत्र र थरहरूको अध्ययन आफ्ना पूर्वजको लहरो पहिल्याउनेसम्मको यात्रा हो, त्यो पनि बाबुबाट मात्र वंश चल्दै आएकाले पुरूष पूर्वजको मात्र लहरो फेला पर्ने यात्रा हो । नेपालमा गोत्र र थर जस्ता विषयलाई पनि उत्पीडन, अपमान, शोषक वर्गीय मुल्य मान्यता निर्माणका सानातिना कलपूर्जा बनाइएको ऐतिहासिकता रहेकाले उत्पीडित समुदायले यी विषयका यथार्थलाई पनि सतहमा ल्याएर समता र अधिकारको लडाइँको अङ्ग बनाउनु भने अवश्य पर्दछ । कुनै पनि मानव समुदाय अर्को भन्दा कमसल होइन भनी पुष्टि गर्न यस्ता विषयले पनि गंभीर महत्त्व राख्दछन् ।

मानव समाजमा गोत्र जसरी सुरूआत भए पनि र तिनले समाज विकासमा जस्तो भूमिका खेलेका भए पनि आज तिनको रूप र अवस्था त्यही रूपमा छैन भन्ने प्रष्टै छ । त्यस सन्दर्भमा हेर्दा नेपालमा रहेका सबै जाति समुदायको गोत्र परम्पराको अवस्था, अवशेष र रूप कुन अवस्थामा छ भनी गंभीर अध्ययन जरूरी छ र मूलतः हुन बाँकी छ । त्यसमध्ये हिन्दू गोत्र परम्परा भने एक प्रकारले रोचक पनि छ । वास्तवमा हिन्दू परम्परा जसलाई भनिन्छ, त्यो हिन्दू उच्च जातीय गोत्र परम्परा हो किनकि त्यसभित्र दलितहरूलाई राखिन्न । हिन्दू उच्च जातीय गोत्र भनेका ऋषिहरूका नाम हुन् अर्थात हिन्दू फरक फरक ऋषिका सन्तानहरू नै हिन्दू उच्च जात हुन् भन्ने दावी त्यसमा पाइन्छ (रूपाखेती २०६८) ।

ती मुख्य ऋषिका चेला वा उपऋषिहरूको नामलाई चाँहि प्रवर भन्ने गरिन्छ । यसरी जो ऋषिका सन्तान हुन्, ती सबै उच्च जातीय मानिन्छन्; तब नीच मानिएका जातको वंश खलकलाई ऋषिसँग जोड्न मिल्ने कुरै भएन । त्यसैले दलितहरूको गोत्र र प्रवर ऋषिको नामसँग सम्बन्धित गर्न दिइएको छैन । जो जात घटुवामा परेर अछूत बन्न पुग्यो, त्यसको पनि पुरानो गोत्र क्रमशः खोस्दै लगेर आम 'अछूत' को परम्परागत गोत्रमै कायम गरिदिने प्रचलन चल्यो (शिवाकोटी सन् २०१४) ।

यसप्रकार हिन्दू उच्च जातीय गोत्र वास्तवमा हिन्दू वर्ण व्यवस्थामा आधारित जातीय श्रेष्ठता कायम गर्न निर्मित मिथक मात्र हुन्; मानव समाजको सभ्यताको शैशवकालीन एउटै वंश परम्परामा आधारित गोत्रको निरन्तरता होइन । यो विषयलाई सामान्य विश्लेषणबाट पनि स्पष्ट पार्न सकिन्छ किनभने ऋषिहरू स्वयमको गोत्र के

थियो ? के ऋषिहरू भन्दा पहिले गोत्रमा आधारित समाज थिएन ? समाजमा ऋषि स्वतः थोरै हुन्थे भने ऋषिबाहेकका बहुसङ्ख्यक मानिस जो हिन्दू नै थिए, तिनको गोत्र के थियो ? ऋषिपछिका त आजका तागाधारी समुदाय भए तर ऋषिहरूसँगै बाँचेका मानिसहरू जो ऋषिका सन्तान होइनन तर हिन्दू नै हुन, ती तमाम ब्राह्मण र क्षेत्रीय बाहेकका वैश्यहरूको गोत्र पनि कसरी ऋषिकै नाममा रहन गयो ?

यस्ता कैयन प्रश्नहरू छन्, जसको विश्लेषण गर्दा हिन्दू उच्च जातीय ऋषि नामका गोत्र र प्रवरहरू उच्च जातीय श्रेष्ठता सिर्जना गर्न बनाइएका मिथक मात्र हुन् भन्न सजिलै सकिन्छ । तर हिन्दू समाजमा दलितहरूको गोत्र, अझ ठोस गरी भन्दा आर्य-खसभित्रका दलितको गोत्र चाँहि कल्पित मिथकभन्दा बढी वंश परम्पराको ठोस त्यान्द्रोलाई सङ्केत गर्ने खालका छन् । आर्य-खसभित्रका दलितको मूलतः तीन वटा गोत्र छन् । एक, काशी । दुई, कोशल वा कौशल्य । र तीन, काशी कोशल । काशी भनेको हिन्दू तीर्थ काशी होइन । बरू काशी भनेको खस जातिको एउटा शाखा वा एक समयको प्राचीन नाम हो जुन जातिलाई छागल पनि भनिन्थ्यो । त्यसैगरी कोशल पनि खसभित्रको छाग जातिकै अर्को नाम हो । काशी कोशल भन्दा दुई वटै खसभित्रका प्राचीन जाति बुझाउँछ (शिवाकोटी सन् २०१४ः २५१) । गौतम बुद्धकालमा भारत वर्षमा भएका सोह्रवटा महाजनपदहरूमध्ये दुई वटा काशी र कोशल जनपदहरू थिए भन्ने तथ्यले पनि काशी र कोशल शब्दले प्राचीन पूर्खा नै जनाउँछन् भनी पुष्ठि गर्दछ (नेपाल २०५५ः ८) । यसरी हेर्दा आर्य-खसभित्रको 'अछूत' वा पुहुनी गोत्रले बढी वंश परम्पराको त्यान्द्रो समातेको छ । यो गोत्र ब्राह्मणमा नहुनु र खसबाट हिन्दू बनाइएका केही क्षेत्रीमा चाँही पाइनुले पनि यी गोत्र खस वंश परम्परालाई सङ्केत गर्ने स्तरका हुन् भनी भन्न सकिन्छ (शिवाकोटी सन् २०१४) ।

त्यसैगरी आर्य-खसभित्रका दलितमा प्रवर हुँदैन जुन ऋषिकै नाम हो बरू शाखा भन्ने हुन्छ । थरसँगै शाखा सोध्ने चलन नै थियो र अधिकांशको ब्रह्म शाखा, उदिमा शाखा, साई शाखा आदि हुने गर्दछ । यो ब्रह्मको अर्थ हिन्दू ब्रह्माजी होइन बरू यो ब्रह्मपुत्र नदीसँग सम्वन्धित छ । खसहरू विभिन्न बाटोबाट हिमालय काटेर दक्षिणतिर लागेका थिए । त्यसमध्ये एउटा शाखा ब्रम्हपुत्र नदीसँगै मानसरोवरबाट गङ्गा मैदानतिर लागेको बुझिन्छ । त्यसैले गोत्र र थरसँगै तिनको शाखा ब्रह्म बन्न पुगेको देखिन्छ । गोत्रसँगै आर्य-खस दलितहरूमा शाखा पनि भन्ने चलनले शाखा प्राचीन खसहरूको विभिन्न यात्री झुण्डलाई सङ्केत गर्ने परिचय बुझिन्छ जुन वैदिक आर्य उच्च जातीय गोत्र प्रणालीमा पाइन्न ।

३.

जात के हो ?

हिन्दू वर्णव्यवस्था अनुसार तोकिएको पेशागत नाम र तह नै जात हो । सुरूमा चार वर्ण ब्राह्मण, क्षेत्रीय, वैश्य र शूद्र भनेको पेशागत क्षेत्रको मानव समुह र तहगत व्यवस्था थियो । त्यसमा क्रमशः पेशा थपिदै गए र त्यही अनुसार पेशाकै आधारमा जातको नाम र त्यसको तह निर्धारण गर्दै लगियो । ब्राह्मण र क्षेत्रीय जुन मूल शासक हुन्, उनीहरूको पेशा र तह स्थिर राखियो अर्थात ज्ञान र सत्ताको पेशा । त्यसबाहेक वैश्य र शूद्रहरूको पेशागत क्षेत्रहरू बढ्दै गए । श्रम क्षेत्र बढ्दै जाँदा वैश्य अर्न्तगत र शूद्र अन्तरगत आवश्यकता अनुसार जात र तह पनि बढाउँदै लगियो । ब्राह्मणभित्र उपाध्याय, जैशी, पूर्वीया, कुमाई जस्ता केही भेद भए पनि धेरै तहगत जात हुँदैनन् । त्यसैगरी क्षेत्रीमा पनि झर्रो, घर्ती केही भेद भए पनि धेरै तहगत जात हुँदैनन् । त्यसको एउटै कारण हो कि उनीहरूको ज्ञान र शासनको मूल श्रम क्षेत्र कायम राखियो । वैश्य र शूद्रभित्र मात्रै तहगत आशयका जात किन बनाइयो त भन्दा उनीहरूबाट नै सबै थरी श्रमको काम गराइयो । कारण यही नै हो । जात अर्थात् श्रम क्षेत्र वा पेशा । यस प्रकार जातको नाम पनि श्रम वा स्थान विशेषसँग सम्बन्धित हुने गरेका छन् र अहिले पनि प्रचलित जातको नामको चरित्र त्यस्तै कायम नै छ । जस्तै, कर्मीबाट कामी, दमाह बजाउने दमाहीबाट दमाई, जुम्लाको[१] सराक भन्ने स्थानबाट फैलिएका सराकीबाट सार्की, वाद्य अर्थात बाजाको काम गर्ने वाद्येयीबाट बादी, गाउनेबाट गाइने, द्य (देउता) को मन्दिर सफा गर्ने, रखवारी गर्ने द्यला; चर्म अर्थात् छालाको काम गर्ने चमार आदि आदि ।

१ कतिपय विद्वानले सराक भन्ने स्थान जुम्लाको नभइ हुम्लाको हो भन्ने मानेका छन् (शिवाकोटी सन् २०१४) ।

४.

थर के हो ?

थर वास्तवमा निश्चित व्यक्तिको पारिवारिक परिचय हो । वंश र थर पुरूषबाट सन्तानमा जाने पितृसत्तात्मक परिपाटीका कारण थर यथार्थमा पुरूष वंशगत लहरोको रूपमा एक पुस्ताबाट अर्को पुस्तामा जाने गरेको छ । नेपालमा एउटै थरभित्र विवाह गर्नै नहुने, आफ्नै थरभित्र मात्र विवाह गर्न मिल्नेदेखि थरलाई नामसँगै जोडेर भन्ने परम्परा नै नभएका जातिसम्म बस्दछन् । नेपालका हिन्दूहरूमा सामान्यतया कूलको अर्थ बोकेका एउटै थरकाबीच विवाह हुँदैन । नेवारमा एउटै थरभित्र मात्र विवाह हुन्छ । हिमाली भोटे जातिमा नामसँगै थर भन्ने परम्परा नै थिएन तर अहिले नामसँगै थर भन्ने अरूसँगको अन्तरक्रियाले गर्दा उनीहरूले पनि नामसँगै थर लेख्न थालेका छन् ।[२] जनजातिमा र मुस्लिम समुदायमा पनि थरले महत्त्वपूर्ण स्थान ओगटेकै छ । त्यसैले नेपालमा रहेका फरक फरक समुदायका निम्ति थरको अर्थ र उपादेयता फरक फरक हुन्छन् भन्ने कुरालाई ध्यानमा राख्न जरूरी छ ।

थरहरू यसप्रकारले निम्नानुसार बनेका छन् ।

क) उद्गम स्थानसँग सम्बन्धित जस्तै, दुल्लुबाट हिंडेका दुलाल, पौडीबाट हिडेका पौडेल ।

ख) पेशासँग सम्बन्धित जस्तै, प्रशासनको काम गर्ने कार्की ।

---

२ तेन्जिग नोर्गे शेर्पाको थर शेर्पा होइन । तेन्जिग नोर्गे मात्र लेख्ने चलन हो, थर पनि नामसँगै जोडेर बताउने चलन भोटे जातिमा थिएन । शेर्पा भनेको त पुर्वीया भनेको हो ।

ग) पदसँग सम्बन्धित जस्तै, मन्त्री खलक अमात्य ।

घ) पद्वीसँग सम्बन्धित जस्तै, दीक्षित गर्ने आचार्य, लामा ।

ङ) सामाजिक हैसियतको सङ्क्रमणकालसँग सम्बन्धित जस्तै विटुला ।

च) जाति वा जातसँग सम्बन्धित, सीधै जात नै नाम थरको रूपमा प्रयोग यसभित्र पर्छन ।

छ) राष्ट्रियतासँग सम्बन्धित जस्तै, भारती, नेपाली ।

ज) आस्था, मान्यतासँग सम्बन्धित जस्तै शिवभक्ति, खेवा ।

झ) ऐतिहासिक घटना वा कूलसँग सम्बन्धित जस्तै वर्मशाखा ।

५.

नेपालका दलितको थर

नेपालका आर्य-खस, मधेशी र नेवारभित्रका दलितहरूको थर निर्माणको प्रक्रिया र विद्यमान थरहरू पनि अन्य सबै जाति समुदायको जस्तै नै हो । यी तिनै जाति/समुदायभित्रका दलितको थुप्रै थरहरू र ती जाति समुदायभित्रका गैरदलितको थुप्रै थरहरू मिल्छन होइन बरू एउटै हुन् । त्यसैगरी प्रत्येक जाति/जात/समुदायमा मात्र पाइने थर भए जस्तै दलितभित्रका विभिन्न जातहरूमा मात्र पाइने थर पनि छन् । दलितहरूका थर र गैरदलितका थर मिल्नुका तीन वटा कारण छन् । एक, उद्गम स्थल एउटै भएकोले । जस्तै, पौडी क्षेत्रबाट हिडेका हुनाले ब्राह्मण पनि पौडेल र दलित पनि पौडेल भनी चिनियो । दुई, पद्वीसँग मिल्न गएकाले । जस्तै, मण्डल, मिझार जस्ता पद दलित, जनजाति र मधेशका वैश्य अन्तरगतका कतिपय जातको मुखियालाई दिइन्थ्यो । त्यही पद्वी दलित, गैरदलितले थर बनाउँदा मिल्न गयो । र तीन, गैरदलित पुरूषलाई जात झारेर सजाय दिंदा थर चाहिं कथित माथिल्लो जातकै बाँकी रहन पुग्यो ।

६.

दलितहरूले जात वा थर ढाँटे भन्ने प्रसङ्ग

नेपालमा दलितहरूमाथि कैयौं पटक लाग्ने गरेको आरोप के छ भने उनीहरूले जात ढाँटे । के यो आरोप सही छ त ? एक, जात नचिनेको ठाउँमा केही समय लुकाउन सकिन्छ तर चिनेको ठाउँमा कसरी ढाँट्ने ? नचिनेको ठाउँमा दमपच लुकेर जात ढाँटेर अपवादमा त कसैले जुनी काट्न सक्ला तर आम रूपमा सम्भव नै छैन किनकि जातबाट हुने समस्या र फाइदा चिनेको ठाउँमा तथा जात व्यवस्था मान्ने ठाउँमा हुने हो । अस्थायी रूपमा जात ढाँट्नेहरू नभएका होइनन्, जात खुल्दा ठूलो अपमान र असजिलो भोग्नु पर्ने हुनाले त्यस्तो हुने गरेको छ । तर अन्ततः जात त खुलैरै छाड्छ र हुने जे जति छ सामना गर्न नै पर्छ । त्यसैले जात ढाँट्ने भन्ने आरोपको मूल रूपमा खास अर्थ छैन ।

दुई, जात ढाँटे भनी लगाउने आरोपको अर्को सन्दर्भ चाहिं के हो भने दलितहरूले पहिले पहिले गैरदलितले मात्र लेख्ने र भन्ने गरेको थर लेख्न थाले भनेर हो । यो चाँहि अज्ञानताको समस्या हो । नेपालमा २०४६ साल भन्दा पहिले आम रूपमा दलितलाई थर लेख्न नै दिइँदैनथ्यो, सोझै थरको स्थानमा जात लेख्न बाध्य पारिन्थ्यो र आजसम्म पनि कतिपय स्थानमा बाध्य पारिदै छ । एउटा ब्राह्मण नागरिकता लिन गए थरका रूपमा उसले ब्राह्मण लेख्न पर्दैनथ्यो, बरू आफ्नो थर सापकोटा बकाइदा लेख्न पाउँथ्यो तर एउटा गौतम थरवाला दमाई नागरिकता लिन जाँदा थर दमाई, दर्जी, नगर्ची यस्तै प्रष्ट जात चिनिने गरी लेख्नुपर्थ्यो, उसले आफ्नो गौतम थर लेखाउन पाउँदैनथ्यो । वास्तवमा गोतामकोटबाट हिंडेको दमाई

र ब्राह्मण दुबैको चिनारी थर गोतामे/गौतम हो तर लेख्ने अधिकार तागाधारीलाई मात्र थियो । त्यसैले गौतम थरको दमाई वा शाही थरको बादी बिहेवारी गर्दा मात्र त्यो थर आफ्नै समुदायबीच प्रयोग गर्न बाध्य थियो ।

२०३६ सालको आन्दोलन र विशेषतः २०४६ को परिवर्तनसँगै आएको स्वतन्त्रता र पार्टी राजनीतिले दलितहरूमा ह्वात्तै चेतना र अधिकारका लागि लड्न सक्ने बनायो । त्यसपछि फटाफट दलितहरूले आफ्नो वास्तविक थर लेख्न थाले । त्यसरी दलितले थर लेख्न सुरू गर्दा आफूले मात्र लेखेको वा गैरदलितको मात्र भनी बुझेको थर दलितले लेखेको देखेपछि गैर दलित कतिपय विद्वान् पनि चिच्याए, "दलितले किन जात ढाँटेको ?" यथार्थमा जात ढाँटेको थिएन त्यो, त्यो त उसले आफ्नो थर पो लेखेको थियो । वास्तवमा दलितले यदि थर फेर्ने हो भने उसको समुदायमा कसरी वैवाहिक जीवन चलाउँछ ? अरूले कसरी स्वीकार गर्छन ? समुदायमा बसेर थर फेर्नु त्यति सजिलो कुरा नै हैन । यो कुरा अब नेपाली समाजमा सबैले बुझ्ने गरी, सुन्ने गरी भन्नु पर्ने बेला भैसकेको छ ।

हो, अर्को एउटा सानो प्रवृत्ति भने समाजमा छ, यथार्थमा नै हाक्काहाक्की आफ्नो हैसियत माथि देखाउन थर परिवर्तन गर्ने । तर त्यो साह्रै सानो स्तरको प्रवृत्ति हो र त्यो प्रवृत्ति दलितमा भन्दा बढी गैरदलितमा पाइएको छ । जस्तो, पद्वीवाला थर दलितले साह्रै कम प्रयोग गरेको पाइन्छ, गैरदलितले बढी गरेको पाइन्छ । चौधरी, सुब्बा, राई, दीक्षित आदि आदि जुन उनीहरूका वंशगत थर होइनन् । त्यसैगरी आजका गौतम थरका ब्राह्मणहरू गौतम ऋषिसँग जोडिएको प्रसङ्ग होइन बरू गोतामकोटबाट हिंडेको गोतामे परिचयका हुन्; पछि गोतामेबाट गौतम बनाएका हुन् । लेखक ध्रुवचन्द्र गौतमका सहोदर दाजुको धनुषचन्द्र गोतामे थर हुनुले पनि त्यो कुरा सजिलै प्रष्ट गर्दछ । अर्को, प्रसङ्ग हेरौं, सामान्यतया काठमाडौंबाट बाहिर गएर बसेका थुप्रै गैर श्रेष्ठ नेवारले आफ्नो थर श्रेष्ठ बनाएका छन् । उदाहरणको लागि सिन्धुलीको मरिन क्षेत्रका नेवार भक्तपुरबाट गएका द्यौभडेल थरका हुन् तर त्यहाँ पुगेर आफ्नो थर श्रेष्ठ बनाएका छन् । यस्ता अनगिन्ती उदाहरण छन् ।

७

निष्कर्ष: थरको आधारमा जाति वा जातको चिनारी सम्भव छैन !

नेपाल यस्तो देश हो जहाँ नाम र थरको आधारमा एउटा समुदायलाई मात्र प्रष्ट चिन्न सम्भव छ – त्यो हो मुस्लिम । अरू कसैको पनि पहिचान सम्भव छैन । लामा थर लेख्ने नेपालमा दर्जन भन्दा बढी जाति छन् । लामा थरका आधारमा जाति कसरी चिन्ने ? मण्डल, चौधरी, लगाएतका थर लेख्ने थुप्रै जात/जाति छन् । थरका आधारमा कसरी जात चिन्ने ? शर्मा थर लेख्ने आर्य-खस, नेवार र मधेशमा छन् । थरका आधारमा कसरी चिन्ने ? किराँत राई या राय दुवै पदीय थर हुन् जुन दनुवार, किराँत, यादव, नेवार र क्षेत्रीको हुन्छ । अब कसरी छुट्याउने ? बुढाथोकी मगर, कामी, क्षेत्री हुन्छन् । अब थरका आधारमा कसरी किटान गर्ने ? पौडेल उपाध्याय ब्राह्मणदेखि बादीसम्म हुन्छन् । राउत पहाडिया क्षेत्री, मधेशी वैश्य र धोवी दलितसम्मको हुन्छ । कसरी जात छुट्याउने ?

तसर्थ, थरहरूको आधारमा मात्र नेपालमा जाति वा जात प्रष्ट हुन्छ भनी बुझ्ने बुझाइ नै गलत छ, त्यस बुझाइलाई फेर्नु अवश्यम्भावी छ । नेपालमा जाति वा जात जान्न वा खुलाउन खोज्दा थर मात्र भनेर पुग्दैन बरू जाति वा जात पनि अनिवार्य रूपमा खुलाउनु पर्ने हुन्छ । थरको आधारमा मात्र व्यक्तिको सम्पूर्ण परिचय खुल्ने अवस्था नेपालमा छैन ।

सन्दर्भ सामग्री

उपाध्याय, उद्धवदेव र महेन्द्र प्रकाश शिवाकोटी, सं. । २०७० । *आर्य खसका १५००० वर्ष* । काठमाडौंः मधुवन प्रकाशन ।

चुँदाली, कमल । २०७१ । *वंश विकासको इतिहास* । बुटवलः जनसेवा प्रकाशन ।

नेपाल, ज्ञानमणि । २०५५ । *नेपाल निरूपण,* पृ. ८ । काठमाडौंः नेपाल राजकीय पज्ञा प्रतिष्ठान ।

मुकारूङ, बुलु । २०६६ । *हाम्रो जाति हाम्रो थर* । ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जे. एम. के. मेमोरियल स्कूल, नाम्ची, सिक्किम ।

रूपाखेती, श्रीहरि । २०६८ । *नेपाली थर–गोत्र–प्रवर कोश* । काठमाडौंः रत्न पुस्तक भण्डार ।

शिवाकोटी, प्रा. डा. गोपाल । सन् २०१४ । *खस जातिः स्वत्वको लडाइँ* । काठमाडौंः पैरवी प्रकाशन ।

Morgan, Lewis Henry.1964. *Ancient Society.* Cambridge (Mass) The Belknap Press.

दलित जातीय अनुसूची र थर

१. दलित जातीय अनुसूची

क) आर्य-खस

१. कामी (विश्वकर्मा, लोहार, सुनार, ओड, चुंनरा, पार्की, टमटा)
२. गन्धर्व (गाइने)
३. दमाई (परियार, दर्जी, सुचिकार, नगर्ची, ढोली, हुड्के)
४. बादी
५. सार्की (मिजार, चर्मकार, भूल)

ख) नेवार [३]

१. च्यामे (कुचीकार, च्याम्खल)
२. पोडे (देउला, पुजारी, जलारी)

ग) मधेशी (बैदिक आर्य, द्रबिड)

१. कलर
२. ककैहिया
३. कोरी
४. खटिक
५. खत्वे (मण्डल, खङ्ग)
६. चमार (राम, मोची, हरिजन, रविदास)
७. चिडिमार
८. डोम (मरिक)

---

३ जनजाति नेवार समुदायभित्र जातीय भेदभाव नभएकाले नेवारभित्र दलित छैनन् भनी २०२० सालअघि दलित समुदायभित्र रहेका केही जातिले दलित सूचीबाट हटाउन माग गरेको आधारमा राष्ट्रिय दलित आयोगले सूचीबाट हटाएको तर च्यामे र पोडे जाति समूहका अधिकांशले चाहिं दलित सूचीभित्रै रहने माग गरेका आधारमा राष्ट्रिय दलित आयोगले नेवारभित्रका दलित सूची हटाई पहाडि दलित समुदायभित्र यी दुई जातलाई सुचीकृत गरेको देखिन्छ ।

९. ढांडी
१०. तत्मा (तांती, दास)
११. दुसाध (पासवान, हजारा)
१२. धरिकार
१३. हिन्दू धोवी (रजक)
१४. नटुवा
१५. पासी
१६. बाँतर
१७. मुसहर
१८. मेस्तर (हलखोर)
१९. सरभङ्ग (सरबरिया)

दलित जात र थर अनुसूची

क) आर्य-खस

१. "कामी" (विश्वकर्मा) जातका प्रचलित थरहरू

१. असुरपाती	२. अर्याल	३. आत्रेय
४. आग्री	५. आचार्य	६. आफलधोती
७. इश्वरपाती	८. ईश्वर पती	९. ओखेडा
१०. ओड (ओर)	११. ओली	१२. कडरा (कडारो, कराडा)
१३. कपुरपाती	१४. कमौला	१५. कसरा
१६. कार्की (मुडुला, सुतार)	१७. कालालोहार	१८. कालीकोटे
१९. कालिराज	२०. कुमार्की	२१. कुमाको
२२. कैनी	२३. कोइर्राला	२४. कोली
२५. खड्का	२६. खड्काथोकी	२७. खनाल
२८. खपाङ्गी	२९. खाती	३०. गंगाधर
३१. गजमेर	३२. गहतराज (गहते)	३३. गदाल (गदाइली)
३४. गजुरेल	३५. गोवा	३६. गिरी
३७. गोतामे (गौतम)	३८. घमाल	३९. घतानी (घतान)
४०. घर्ती	४१. घामघोत्ले	४२. घामघोले
४३. घिमिरे	४४. चन्द	४५. चुनारा (चदाँरो)
४६. चुदाँरा (चुँडारा)	४७. चिलिमे	४८. छिस्तल
४९. जाँडकामी	५०. जान कामी	५१. टमटा
५२. ठगन्ना	५३. ठटेरा	५४. ढुंगाना
५५. ताम्राकार	५६. तिवारी	५७. तिरूवा

५८. थापा	५९. थोकी	६०. दर्नाल
६१. दयाल	६२. दियाली	६३. दर्लामी
६४. देउपाते	६५. देउपाती	६६. देवल
६७. दुधराज	६८. दुराल	६९. धमला
७०. धामी	७१. नगरकोटी	७२. निरौला
७३. नेपाल	७४. नेपाली	७५. पन्थ
७६. पन्थी	७७. पल्ल	७८. पल्लया
७९. पर्वते	८०. पहरी	८१. पराजुली
८२. पाध्यवती	८३. पाह्यवती	८४. पार
८५. पार्की	८६. पाग्री	८७. पुलामी
८८. पोखरेल	८९. पोर्तेल	९०. पौडेल
९१. पौडेली	९२. बगाले	९३. बराल
९४. बटौला	९५. बराईली (बराली)	९६. बस्नेत
९७. बास्कोटा	९८. बिपाली	९९. बुचेभाले
१००. बुचेभाला	१०१. बुढाथोकी	१०२. भट्ट
१०३. भट्टराई	१०४. भर	१०५. भूल
१०६. भुसाल	१०७. मर (महर)	१०८. मग्रान्ती
१०९. माहिली	११०. माहिलीपार	१११. मिझार
११२. रहपाल	११३. रसाईली	११४. रसौला
११५. रामदाम (रामुदामु)	११६. राजीलुहार	११७. राजीलौहार
११८. रिजाल	११९. रिमाल	१२०. रिसाल
१२१. रूचाल	१२२. रैकाल	१२३. रोराला
१२४. लाटोपी	१२५. लकान्द्री	
१२६. लामगादे (लामाकार्की, लामिछाने, पौडेली)		१२७. लाबड
१२८. ल्वागुन (लुवागुन)	१२९. लोहा गुण	१३०. लोहार (लुहार)
१३१. लोहनी	१३२. शर्मा	१३३. शाह
१३४. शाकू	१३५. शेरेला	१३६. समला
१३७. समाखाती	१३८. सापकोटा	
१३९. साशंकर (सदाशंकर, शंकर)		१४०. सिगाउरे
१४१. सिर्पाली (श्रीपाली, श्रीपाइली)		१४२. सिलवाल
१४३. सिंह	१४४. सिवा पती	१४५. सिजापती

१४६. सुनार	१४७. सुन चीउरी	१४८. सुनधुवा
१४९. सुनी (सोनी)	१५०. सेतीपार	१५१. सेतीसुरूवाल
१५२. सेतीमहरा	१५३. सोब	१५४. सोनाम
१५५. हमाल	१५६. हरमेल	१५७. हेमचुरी (हिमचुरी)

२. गाइने (गन्धर्व) जातका प्रचलित थरहरू

१. अधिकारी	२. कामी	३. कालाशाह
४. कालाकौसिक	५. कालापौडेल	६. कालापौडेली
७. कालिचन	८. गाइने	९. गान्धारी
१०. गायक	११. गायन	१२. गोसाई
१३. जोगी	१३. जोगी बैकार	१४. ठकुरी
१५. तुर्की बैक	१६. तुर्की	१७. बगाले
१८. बाहुन	१९. बुढाथोकी	२०. बैगार
२१. बैकार (बाध्यकर)	२२. बोगटी	२३. बैष्ठ (बिष्ट)
२४. भाट	२५. भुसाल	२६. भुसालपर्वते
२७. भट्टेस्वर	२८. मेघनाथ	२९. रूद्ररोपनीभाट
३०. रसाइली	३१. विश्वकर्मा	३२. विष्णुपद
३३. समुन्द्री	३४. साही	३५. सूर
३६. सुरसमान	३७. सेतापर्वते	३८. सेतापौडेली
३९. सेतीसुरूवाल	४०. हुकचिङराना	

३. दमाई (परियार) जातका प्रचलित थरहरू

१. अधिकारी	२ अससाई	३. आउजी
४. आचार्य	५. आपटारे	६. आविखोले
७. कटवाल	८. कठैबरी	९. कडैंल (कनाल)
१०. कटुवाल	११. कर्णबेरी (कर्णबेयरी)	१२. कालाखेती
१३. कालाखानी	१४. कालाथोकी	

१५. कार्की (मुर्डुंलाकार्की, लामाकार्की, खुलालकार्की, सुतारकार्की)

१६. कार्कीडोली (कार्कीढोली, ढोली)		१७. कालीदास
१८. कोइराला	१९. कोटाजरी	२०. कोटान्जली
२१. कोटानजरी	२२. खनाल	२३. खतिवडा

२४ खाती २५. गजमेयर २६. गुईदे (गुईदेल)

२७. गुरूङ्ग २८. गोरखनाथ २९. गोरेचन्द्रे

३०. गौरवाग ३१. गौरी ३२. घतानी

३३. घले ३४. घेले ३५. घलेख

३६. चण्डुचार ३७. चाहार ३८. चित्रकार

३९. चुडाल ४०. छटुन्जेल ४१. जनैदार

४२. जैरू ४३. जोरी ४४. टेलर

४५. ठटाल ४६. ठगुन्ना ४७. डैणे

४८. डौंडे ४९. ढ्याकी ५०. ढुंगाना

५१. तिखत्री (त्रिखत्री) ५२. तिलक्यानी ५३. तिवारी

५४. थापा ५५. दकास ५६. दर्जी

५७. दर्नाल ५८. दमाई ५९. दवाडी

६०. दास ६१. देउकाडी (देउगाडी, देउकर)

६२. देवल ६३. धगाले ६४. नगर्ची (नगर्जी)

६५. नागरी ६६. निरञ्जन ६७. नेगी

६८. नेपाल ६९. नेपाली

७०. नौबाग (नकबाघ, नगबाग, नगबान) ७१. पन्त ७२. पट्टेली

७३. परियार (अछामे परियार, छिनाल परियार, दमाईको परियार, रत्ने/रत्न परियार)

७४. पहाडी ७५. परेल ७६. पाचकोटी (पंचकोटी)

७७. पाचकुरी ७८. पाठक ७९. पाल्पाली

८०. पुरभुति ८१. पोख्रेल ८२. फुडके

८३. बर्देवा ८४. बराल ८५. ब्रह्मदास (बर्मदास)

८६. ब्रहमशाखा (बर्मशाखा) ८७. बाग ८८. बागचन्द

८९. बाहक ९०. बागदास (बाघदास, बाग्घास)

९१. बुढाप्रिथी (बुढापोथी, बुडापिर्थी) ९२. बेडुवाल

९३. बैजनाथ ९४. बैकपि ९५. बैजाकोटी

९६. बैजु ९७. भित्रीकोटी (भित्राकोटी, भित्रकोटी, भिस्त्रिकोटी)

९८. भुसाल ९९. भेरिकार १००. मगर

१०१. महरा (मोहरा) १०२. माले १०३. माल्बोक

१०४. माष्टर १०५. मोते (महते, मोहते) १०६. मौले

१०७. रचना १०८. रजबास १०९. रना

११०. रणपहेली (रनपहेली, रनपइली, रनप्याली, रनपौली, रनबेहली, रणपाल)

१११. राई
११२. राईगाई
११३. राजगाई
११४. रामजाली
११५. रूकमेली
११६. रैका (रैकाआउजी)
११७. न्याईझ्यार
११८. लाखे
११९. लामिछाने
१२०. लाप्रे
१२१. लामघाते
१२२. लाबर
१२३. लुइटेल
१२४. वास्ताकोटी
१२५. विटालु
१२६. शाहीसमुन्द्र (शाहीसमुन्द्री, शाही)
१२७. साईतपाच
१२८. साउके
१२९. सापकोटा
१३०. सिगउरे (सिगौरे)
१३१. सिलाल
१३२. सिलाधर
१३३. सिलाजोशी
१३४. सिल्पकार
१३५. सिं(सिंह)
१३६. सिवा (गौतम/गोतामे सिवा, भेडे सिवा, कुखुरे/कखरे सिवा, स्यावा)
१३७. सुजी (सुजा)
१३८. सुनाम
१३९. सुनाल
१४०. सुन्दास
१४१. सुपयाल
१४२. सुकुरयाल
१४३. सुकुच्याल (सुकुवाट्याल)
१४४. सुँगुरे
१४५. सुगरे
१४६. सुन्चेउरी
४७. सेतीसुरूवाल
१४८. सेन
१४९. श्रमिक
१५०. हिङमाङ्
१५१. हुडके,
१५२. हंसमुखे
१५३. ज्ञवाली

४. बादी जातका प्रचलित थरहरू

१. कश्यप
२. कालीयान
३. कुमाल
४. कूलु
५. केसरी
६. खनौटे
७. खाती
८. गौतम
९. गाईने
१०. गिरी
११. चन्द
१२. छिनाल
१३. छिन्वयाल
१४. छिलाल
१५. छिलेल
१६. जुम्लेली
१७. जोगी
१८. जोगीराजयोग
१९. ठकुरी
२०. दमाई
२१. दास
२२. दुमाकी
२३. नगर्ची
२४. नेपाल
२५. नेपाली
२६. पहाडी
२७. पोखरेल
२८. पौडेल
२९. बसेल
३०. बुढाथोकी
३१. बाढा
३२. बाध्यकार
३३. बादी
३४. बाहय
३५. बाहुन
३६. बोरेसाह
३७. बैकार
३८. बैगार
३९. भाँड

४०. मगर	४१. राना	४२. लेकाली
४३. वैश्य शाही	४४. सुनार	४५. सिमाल
४६. सिंह	४७. सुन्चेउरी	४८. हमाल
४९. हरिथंगा	५०. हुड्केधिताल	

५. सार्की (मिजार) जातका प्रचलित थरहरू

१. अच्छामी (अछामी)	२. आचार्य	३. अधिकारी
४. उप्रेती	५. उपरकोटी	६. कमार
७. कालो (काला)	८. कुल्चियार	९. कोईराला
१०. कोल्हाल	११. खड्की	१२. खतिवडा
१३. खरिबोटे	१४. खिलुंगे	१५. गिरी
१६. गैरे	१७. गैरीपिपल	१८. गौतम (गोतामे)
१९. गोथे	२०. घिमिरे	२१. घिताङ्ग
२२. चमार	२३. चन्द	२४. चर्मकार
२५. चुडाल	२६. चुहान	२७. छन्तेल
२८. छतकूली	२९. छमार्की	३०. छिनाल
३१. टोटलाङ्गी	३२. ठगुन्ना	३३. ठडोर
३४. ठाकुरस्य	३५. ठाराराई	३६. डाले
३७. तोलाङ्गी (तोलाङ्गे)	३८. तोलांगीसुयल	३९. तोसाली
४०. थपलिया	४१. थाक	४२. थापा
४३. दराई (ढराई)	४४. दाहाल	४५. दाबे
४६. दुलाल	४७. देउला	४८. देउलापाती
४९. धमेल	५०. धुरमंग्रान्ती	५१. धौलाकोटी (दाउलाकोटी)
५२. नघाली	५३. नगरकोटी	५४. नेपाल
५५. नेपाली	५६. न्यौपाने	५७. परली
५८. पहाडी	५९. पहेली (पयेली)	६०. पिपलबोटे
६१. पुरकोटी (परकोटी)	६२. पुलामी	६३. पोखरेल
६४. पौडेल	६५. बनजाडे (बचे, बनजेड)	
६६. बमरेल (बंग्रेल, बङ्रेल)	६७. बसेल (बस्याल, बत्स्याल)	
६८. बयलकोटी (बैलकोटी, बलकोटी)		६९. बस्ताकोटी
७०. ब्रह्मशाखा	७१. बाऱ्हघरे	७२. बिसुंखे (बिसुंके, बिसंख)

७३. विमुन्खे	७४. बुढाथोकी	७५. बोगटी
७६. बोहरा	७७. भिपाल	७८. भियाल
७९. भूल	८०. भुर्तेल	८१. मगर
८२. मगराती/मंग्राती (आठथाले, काला, खिलिंगे, दुध, धुर, बाऱ्हथाने)		
८३. मजाकोटी मजबोटी,मजारकोटी)		८४. मजावरी
८५. मरासिनी	८६. महरा	८७. मालबुल, मालबोक, मालबुके
८८. मिजार (मिझार ढकाल मिजार)		८९. मुङ्देल (मुदेल)
९०. मुहल	९१. मोटे	९२. रम्तेल
९३. रामजाली	९४. राठाले	९५. राठोर (राठौर)
९६. रिमाल	९७. रूचाल	९८. रैकाल
९९. रोइला/रोइलाहिताङ्ग	१००. रोका (रोकाया, रोक्का)	
१०१. रोक्काशाही	१०२. लमजेल	१०३. लमसाल
१०४. सत्याल	१०५. सार्की	१०६. सापकोटा
१०७. सामत	१०८. सिके.	१०९. सिरौते
११०. श्रीपाली	१११. श्रीमाली (सिरीमाल)	
११२. श्रीवास्तव	११३. सिंह	११४. सुर्खेती
११५. सुयल	११६. सुराना	११७. सेजवाल
११८. सेठी	११९. सेतो	१२०. सेही
१२१. संग्राम	१२२. सगपाल	१२३. हमाल
१२४. हिताङ्ग	१२५. हेजुवाल	१२६. क्षत्रेल
१२७. क्षत्रपाल	१२८. क्षत्रयाल	

ख) नेवार

१. च्यामे जातका प्रचलित थरहरू

१. कुचीकार	२. च्यामे	३. च्यामखल

२. पोडे जातका प्रचलित थरहरू

१. जलारी	२. देउला	३. पुजारी
४. पोडे		

ग) मधेशी (बैदिक आर्य, द्रविड)

१. कलर जातका प्रचलित थरहरू

१. विकाउ	२. सरवरिया

२. ककैहिया जातका प्रचलित थर

१. राय

३. कोरी जातिका प्रचलित थर

१. कुरिल	२. गौतम	३. भारती

४. खटिक जातका प्रचलित थर

१. कोली	२. सोनकर

५. खत्वे जातका प्रचलित थर

१. खड्ग	२. धानुक	३. बेल्दार
४. मण्डल	५. शर्मा	

६. चमार जातका प्रचलित थर

१. महरा	२. मोची	३. रविदास (रोहिदास, रूइदास)
४. राम	५. रैदास	६. हरीजन
७. चमार	८. रामदसिया	

७. चिडियामार जातका प्रचलित थर

१. करौरीया	२. नट	३. बखु
४. सरनरिया	५. सरनेरीया	६. यादव

८. डोम जातका प्रचलित थर

१. गुसराम	२. मरिक	३. मल्लि
४. मल्लीक	५ महिल (मौहाली)	

९. ढाँडी जातका प्रचलित थर

१. ढाँडी

१०. तत्मा जातका प्रचलित थर

१. तत्मा	२. ताँती	३. दास

४. पात
५. बनौजिया
६. मण्डल
७. महरा

११. दुसाध जातका प्रचलित थर

१. दुसाद (दुसाध)
२. पासमान (पासवान)
३. हजारा (हजारी)

१२ धरिकार/धन्कार जातका प्रचलित थर

१. धरिकार/धन्कार

१३. धोवी जातका प्रचलित थर

१. आर्य
२. आर्या
३. एसर
४. कनेजिया/कनौजिया
५. कुशवडिया
६. दास
७. धवल
८. धावी
९. धोवी
१०. निमेलकार
११. पत्थरकट्टा
१२. पथिक
१३. बेठा
१४. वैठ्ठा
१५. मगता
१६. मंधेसीया
१७ मधैया
१८. माझी
१९. माहुत
२०. मेहता
२१. मंगी
२२. रत्ना
२३. रमन(रमण)
२४. रजक
२५. राउत
२६. राजधोव
२७. वाल्मिकी
२८. शाकी
२९. साफी
३०. सम्धी

१४ नटुवा जातका प्रचलित थर

१. नट/नटुवा

१५. पासी जातका प्रचलित थर

१. गौतम
२. चौधरी
३. तरसुहिया
४. महतो
५. सूर्या

१६. बाँतर जातका प्रचलित थर

१. ढोकेवाज
२. धोकेवाल
३. माइती
४. माझी
५. राजवंशी
६. सरदार

१७. मुसहर जातका प्रचलित थर

१. ऋषिदेव
२. कहरिंया
३. ढोलबाजा

४. तिरासक	५. तिरूहुतिया	६. भदरी
७. मधैया	८. माझी	९. रिखिकुल/ऋषिकुल
१०. सदा	११. हेमराज	

१८. हलखोर (मेस्तर) जातका प्रचलित थर

१. जम्दार	२. बासफोर	३. मंगी
४. मेस्तर	५. मेहतर	६. राउत

१९. सरभङ्ग जातका प्रचलित थर

१. धामी	२. नट	३. बाँतर
४. सरभङ्ग	५. सरभोर	६. सरवरीया

सन्दर्भ सामग्री

उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समिति बुलेटिन, २०७१ ।

खत्री, प्रा. डा. प्रेम । २०७० । *नेपालका जातीय संस्कार* (खण्ड २) । काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान ।

गोले, मोहन । २०७२ । *तथ्याङ्कमा आदिवासी जनजाति* । आशामाया तामाङ्गद्वारा प्रकाशित, त्रियुगा ८, उदयपुर ।

चौधरी, दिपक । २०६५ । *नेपालको मधेशी समाज* । काठमाडौंः रत्नपुस्तक भण्डार ।

दर्नाल, प्रकाश । २०५३ । दमाई जातिको सामाजिक तथा धार्मिक प्रथाः एक अवलोकन । *हाम्रो चिनारी हाम्रो संस्कृति* । जीवनचन्द्र कोइराला, सं., पृ. १९६–२०० । काठमाडौंः कर्मयोगी बद्री बिक्रम थापा स्मृति सेवा गुठी ।

दलित जातीय अनुसूची अध्यावधिक अध्ययन प्रतिवेदन । २०६७/०६८ । राष्ट्रिय दलित आयोगः काठमाडौं ।

परियार सेवा समाज केन्द्रीय समितिबाट मिति २०६७/१२/१३ मा काठमाडौंमा भएको अन्तरक्रियाको अप्रकाशित टिपोट ।

पाण्डे, मधुसूदन । २०६४ । *नेपालका दलितहरू* । काठमाडौंः पैरवी प्रकाशन ।

बराल, बासु । २०४४/२०५० । *हिन्दू सामाजिक सङ्गठनको प्रारूप* । काठमाडौंः साझा प्रकाशन ।

बराली, रणेन्द्र । २०७२ । *हाम्रो संस्कृति र संस्कार* । काठमाडौंः नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान ।

मुकारूङ, बुलु । २०६६ । *हाम्रो जाति हाम्रो थर* । ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जे. एम. के. मेमोरियल स्कूल, नाम्ची, सिक्किम ।

रसाईली, स्व. मानविर सिंह । दोस्रो संस्करण सन् १९९६, १७ सेप्टेम्बर । *विश्व ब्राह्मण वर्णनः विश्वकर्माको थर र गोत्रावली* । सिक्किमः एम. एम. रसाईली ।

रूपाखेती, श्रीहरि । २०६८ । *नेपाली थर–गोत्र–प्रवर कोश* । काठमाडौंः रत्न पुस्तक भण्डार ।

विश्वकर्मा 'दुःखी', मिठाराम । २०६८ । *दलित र हाम्रो समाज* । ओमप्रकाश खरेल, सम्पादक । काठमाडौंः डीकुरा पब्लिकेशन ।

शर्मा, जनकलाल । २०३९ । हाम्रो समाज एक अध्ययन । ललितपुरः साझा प्रकाशन ।

शर्मा, जनकलाल । २०२० । जोसमनी सन्त परम्परा । ललितपुरः साझा प्रकाशन ।

सुनार गोमती र अन्य । मिति उल्लेख नभएको । *दलित सवालमा सार्वजनिक सरोकारका मुद्दाहरू र सर्वोच्च अदालतको भूमिका,* दलित गैरसरकारी संस्था महासंघ र कानुनी सहायता तथा परामर्श विभाग, काठमाडौं ।

श्रेष्ठ, पदम । २०६८ । *जातजाति र सङ्घीयता* । प्रकाशक, स्वयम ।

श्रेष्ठ, पदम । ने. सं. ११३३ (२०७०) । *दलित* । प्रकाशक, स्वयम ।

Dahal, Dilli Ram, Seema Viswakarma. 2014. *Dom of Nepal.* Kathmandu: Central Department of Sociology/ Anthropology (CDSA), Tribhuvan University.

Dahal, Dilli Ram, Madhu Giri, Surendra Mishra. *Musahar of Nepal.* 2014. Kathmandu: Central Department of Sociology/ Anthropology (CDSA), Tribhuvan University.

Dahal, Dilli Ram, Swarna Kumar Jha. *Chamar of Nepal.* 2014. Kathmandu: Central Department of Sociology/ Anthropology (CDSA), Tribhuvan University.

Kisan, Yam Bahadur, Gopal Nepali. 2014. *Badi of Nepal*. Kathmandu: Central Department of Sociology/ Anthropology (CDSA), Tribhuvan University.

Kisan, Yam Bahadur, Devendra Kumar Rasaili. 2014. *Kami of Nepal.* Kathmandu: Central Department of Sociology/ Anthropology (CDSA), Tribhuvan University.

Pathak, Dr. Bishnu et al. *2006. Intra-Dalit Discrimination (A Study Report: STATUS OF TARAI DALITS).* Kathmandu: LANCAU Nepal.

Risal, Subash and others. 2006. *Ethnographic Study of Hill Dalits in Nepal.* Lalitpur: NNDSWO.

अनुसूची - १

नेपाल सरकार

गृह मन्त्रालय

(.......नागरिकता तथा हातहतियार.....शाखा)

पत्र संख्याः- ना.तथा हा.ह २०६८/०६९

चलानी पत्र संख्या र मितिः-

च.नं.- ५३८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति २०६८/०९/२८

विषय :- **नागरिकतामा थर सच्याउने सम्बन्धमा ।**

श्री क्षेत्रिय प्रशासन कार्यालय,
सबै ।

समाजमा अझै विद्यमान रहेको जातिगत संकिर्णताले गर्दा जातिय आधारमा आफूलाई हिनताबोध हुने एवं जातिगत संकिर्णता जनाउने थर भएका व्यक्तिले बाबुको भन्दा फरक थर राखी नागरिकता प्रमाणपत्र माग गरेमा छानविन गरी व्यहोरा मनासिब देखिएमा नागरिकताको प्रमाणपत्रमा नयाँ थर राखी वा थर सच्याई नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गर्ने गरी तत्कालीन श्री ५ को सरकार (मं.प.) बाट मिति २०५२।०४।०४ मा निर्णय भई २०५२।०४।२१ मा सबै जिल्लामा परिपत्र गरिएको र मिति २०६३।०४।२२ मा पुनः सोही व्यहोरा उल्लेख गरी सो व्यवस्था कडाईका साथ लागू गर्न परिपत्र गरिएको व्यहोरा अवगतै छ । उक्त परिपत्र अनुसारको कार्यान्वयन कतिपय जिल्लाहरुबाट नभएको भन्ने गुनासाहरु आएकोले यस सम्बन्धमा भएको पूर्व परिपत्र अनुसारको व्यवस्था कार्यान्वयन गर्ने गराउन पुनः निर्देशन पठाउने नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६८।०९।२७ मा निर्णय भएकोले सो बमोजिम गर्न गराउन जिल्ला प्रशासन कार्यालयहरुलाई जानकारी गराइ दिन हुन निर्णयानुसार अनुरोध छ ।

(माधवप्रसाद ढुंगाना)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय दलित आयोग,
पो.ब.नं.१३७५८
मध्यबानेश्वर, काठमाडौं ।

अनुसूची - २

नेपाल सरकार

गृह मन्त्रालय

(नागरिकता तथा हातहतियार शाखा)

सिंहदरबार
काठमाण्डौं, नेपाल ।

पत्र संख्या :- ०६३।६४
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १८८

मिति :- २०६३/०७/१४

विषय :- **थर राखी नागरिकता उपलब्ध गराउने बारे ।**

श्री जिल्ला प्रशासन कार्यालय,
..........सबै........ ।

सम्मानित सर्वोच्च अदालतको मिति २०६३।०२।०१ मा भएको परमादेश आदेशको फैसलामा "दलित जातिका मानिसहरुलाई नागरिकता प्रदान गर्दा, नागरिकता सच्याईदिंदा अथवा नागरिकता सिफारिश गर्दा समेत अन्य नागरिक सरह थर राखी सिफरिश दिने, थर राखी नागरिकता दिने व्यवस्था मिलाउनुको साथै थर राखी नागरिकता सच्याउने समेतको कार्य कानून बमोजिम गर्नु गराउनु भनी विपक्षी निकायहरुका नाममा परमादेश जारी हुने ठहर्छ" भनी निर्णय भएकोले तदनुरुप गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

०६३।७।१४

अनुसूची - ३

(नेपाल सरकार राष्ट्रिय दलित आयोग बानेश्वर, काठमाडौंबाट प्रकाशित दलित जातीय अनुसूची अध्यावधिक अध्ययन प्रतिवेदन २०६७/०६८)

५.२ अन्तिम निश्कर्ष

राष्ट्रिय दलित आयोगद्वारा विभिन्न समयमा गरेको अध्ययन प्रतिवेदन र अन्य रिपोर्टहरूलाई आधार मानी यस राष्ट्रिय दलित आयोग, जातीय अनुसूची अध्यावधिक कार्यदल २०६७ ले पनि तपशिलमा रहेका जातिहरू दलित समुदायमा पर्दछन् भनि प्रतिवेदन पेश गरेको छ । यो प्रतिवेदन नै राष्ट्रिय दलित आयोगको अन्तिम जातीय अनुसूची प्रतिवेदन होइन । आगामी दिनमा पनि राष्ट्रिय दलित आयोगले जातीय अनुसूची अध्यावधिक कार्य गर्ने र अन्य प्रतिवेदनहरू पेश गर्नेछ । यो अध्ययन कार्यदलले निम्नानुसारका जातिहरूलाई दलित अनुसूचीमा समावेश गर्नुपर्ने र नपर्ने गरी ठहर गरेको छ ।

(क) दलित सूचीभित्र समावेश गर्नुपर्ने नेवारी मूलका जातहरू

१) पोडे (देउला, पूजारी, जलारी)

२) च्यामे (कुचीकार, च्याम्खल)

(ख) दलित सूचीभित्र समावेश गर्नु नपर्ने नेवारी मूलका जातहरू :

१) खड्गी (कसाई, साही)

२) कपाली (कुशवे, दर्शनधारी)

(घ) दलित सूचीभित्र समावेश गर्नुपर्ने मधेशी मूलका जातहरू

१.नटुवा,

२.ढाँडी,

३.धरिकर/धन्कार

(च) दलित सूचीभित्र समावेश गर्नु नपर्ने मधेशी मूलका जातहरू

१. लोहार, सोनार, पटेल/पटनवार

(छ) दलित अनुसूचीमा पहिला सूचीकृत भएका तर अहिले हटाउनुपर्ने जातहरू

१) पत्थरकट्टा र कुशवाडिया

यसरी दलित जातीय अनुसूची अध्यावधिक गर्ने कार्यदलले गरेको अध्ययन, अनुसन्धानवाट थप गर्नुपर्ने र हटाउनुपर्ने दलित जातिहरूको अन्तिम निष्कर्षसहित र यसपूर्व राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका दलित अनुसूचीलाई मिलाई तपसील बमोजिम जातीय अनुसूची अद्यावधिक गरिएको छ ।

दलित सूची

(क) पहाडे मूल

१) गन्धर्व (गाइने)
२) परियार (दमाई, दर्जी, सूचीकार, नकर्ची, ढोली, हुड्के)
३) वादी
४) विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनँरा, पार्की, टमटा)
५) मिजार (सार्की, चर्मकार, भूल)
६) पोडे (देउला, पूजारी, जलारी)
७) च्यामे (कुचीकार, च्याम्खल)

(ख) मधेसी मूल

८) कलर
९) ककैहिया
१०) कोरी
११) खटिक
१२) खत्वे (मण्डल, खङ्ग)
१३) चमार (राम, मोची, हरिजन, रविदास)
१४) चिडिमार
१५) डोम (मरिक)
१६) तत्मा (ताँती, दास)
१७) दुसाध (पासवान, हजरा)
१८) धोवी (रजक, हिन्दु)
१९) पासी
२०) बाँतर
२१) मुसहर
२२) मेस्तर (हलखोर)
२३) सरभङ्ग (सरवरिया)
२४) नटुवा
२५) ढाँडी
२६) धरिकर/ धन्कार